DOI: https://doi.org/10.3126/cognition.v7i1.74794

# रावणायन उपन्यासमा युगचेतना

**डा. जीवन श्रेष्ठ**[१]

***लेखसार***

*प्रस्तुत शोधलेख खनाल रेवतीरमणकृत रावणायन उपन्यासमा अभिव्यक्त युगचेतनाको विश्लेषणमा केन्द्रित छ । कुनै समय विशेषमा सामाजिक, सांस्कृतिक एवम् राजनीतिक रूपमा विकसित अवधारणा युगचेतना हो । प्रस्तुत उपन्यासमा रावणको प्रचलित मिथकलाई पुनर्लेखन गरी नायकत्व प्रदान गरिएको छ र त्यसमार्फत संविधान सभामार्फत संविधान बनेपश्चात्को युगचेतना अभिव्यक्त गरिएको छ । यस सन्दर्भमा रावणायन उपन्यासमा वर्तमान युगचेतनालाई के-कसरी प्रस्तुत गरिएको छ भन्ने समस्याको समाधान खोजी गर्ने उद्देश्यका साथ यो अध्ययन गरिएको छ । यसमा रावणायन उपन्यास प्राथमिक सामग्री रहेको छ भने यस उपन्यासबारे गरिएका पूर्वअध्ययन र युगचेतनासम्बन्धी लेखरचना द्वितीयक सामग्री रहेका छन् । तिनको सङ्कलन पुस्तकालाय र इन्टरनेटका माध्यमबाट गरिएको छ । समस्याको समाधानका लागि उपन्यासबाट सोद्देश्यमूलक विधिबाट तथ्यहरू सङ्कलन गरी तिनको व्याख्या विश्लेषण गरिएकाले यसमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसरी गरिएको अध्ययनका आधारमा यस उपन्यासमा विभेदप्रतिको प्रतिरोध चेतना र समतामूलक समाजको परिकल्पना जस्ता युगचेतनालाई पौराणिक पात्र रावणको चरित्रको पुनर्लेखनका माध्यमबाट प्रस्तुत गरिएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : पुनर्लेखन, प्रतिरोध चेतना, मिकथीय पात्र, समतामूलक समाज ।

## विषय परिचय

*रावणायन* (२०७८) उपन्यासकार खनाल रेवतीरमणको पछिल्लो आख्यान कृति हो । यसमा पूर्वीय सभ्यतामा राक्षसी रूपमा निर्माण गरिएको खलनायक रावणको प्रतिरूपलाई नायकी स्वरूप प्रदान गरेर रामको नायकीमा लेखिएको *रामायण* (राम+अयन)का व्यतिरेकमा *रावणायन* (रावण+अयन) सिर्जना गरिएको छ । चितवनको सेरोफेरोका सक्रिय सर्जक खनाल मूलतः कवि हुन् । उनी विगत तीन दशकअघिदेखि हाइकु, मुक्तक, कविता, सूत्रकाव्य आदिमा निरन्तर साधनारत छन् । यस उपन्यासमा पनि त्रेतायुगीन मिथकलाई पुनर्लेखन गरी नेपाली समाज र राजनीतिका वर्तमान सन्दर्भ प्रस्तुत गरिएको छ । मिथकीय दृष्टिमा दुश्चरित्रका पर्याय खलपात्र रावणलाई यस उपन्यासले नायकका रूपमा स्थापित गरेको छ । शोषित पीडितका पक्षमा राणवले गरेका सत्प्रयासका आलोकमा उसमा नायक बन्न सक्ने गुण पनि विद्यमान देखिन्छन् । यसैलाई उजागर गरी उपन्यासकार खनालले रावणको नायकत्वमा *रावणायन* उपन्यास रचना गरेका छन् ।

१. उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, jistha@gmail.com, https://orcid.org/0009-0002-3051-8022

*Received on Oct. 15, 2024 Accepted on Dec. 20, 2024 Published on Jan. 31, 2025*

युगीन वैचारिकताले तत्कालीन समयको सामाजिक एवम् राजनीतिक चेतनालाई बुझाउँछ । यसमा तत्कालीन समय भन्नाले उपन्यास लेखन तथा प्रकाशनको समय हो । प्रस्तुत उपन्यासको प्रकाशनको समय २०७८ साल भएकाले यस कृतिका सन्दर्भमा सत्तरीको दशकको सामाजिक एवम् राजनीतिक चेतना यस समयको युगीन वैचारिकता हो । २०६२-६३ सालको जनआन्दोलन, गणतन्त्रको स्थापना र संविधान सभामार्फत नेपालको संविधान निर्माणका सन्दर्भमा विकास भएको सामाजिक राजनीतिक चेतना नै यस समयको युगीन वैचारिकता हो । २०५२ सालदेखि सुरु भएको माओवादी विद्रोह, यसअघिदेखि सक्रिया विभिन्न बामपन्थी दलहरूको जागरुकता एवम् ‘‘समाजवाद उन्मुख’’ संविधान निर्माणले विभेदप्रतिको चेतना र समतामूलक समाजको चाहनालाई महत्त्वपूर्ण वैचारिक चेतनाका रूपमा विकास गरेको छ । उपन्यासकार खनाल पनि वैचारिक रूपमा मार्क्सवादी चेतनाबाट प्रभावित देखिन्छन् त्यसैले उनका रचनामा विभेद र दमनप्रतिको प्रतिरोध चेतनाको स्वर मुखरित भएको पाइन्छ। *रावणायन* आख्यानका रूपमा उनको समतामूलक समाज निर्माणको वैचारिक अभिव्यक्ति हो । यसमा पूर्वीय शास्त्रका आधारमा रहेर विभेदरहित समतामूलक समाजको परिकल्पना गरिएको छ ।

प्रस्तुत उपन्यासलाई विभिन्न व्यक्तिहरूले आ-आफ्नो दृष्टिकोणबाट समीक्षा गरेका छन् । जीवन जीवन्त (२०७९)ले यस उपन्यासले मिथकीय विषयको पुनर्लेखनका रूपमा यसको चर्चा गरेका छन् । हरिबोल काफ्ले (२०८०)ले रावणका सन्दर्भमा विभिन्न लोकोक्तिहरू रहेको सन्दर्भमा यस उपन्यासले त्यसको खोजी र विनिर्माणको एउटा राम्रो कार्य गरेको उल्लेख गरेका छन् । कर्णबहादुर बानियाँ (सन् २०२४)ले यस उपन्यासमा भोगवादी संस्कृतिका विरुद्ध रक्षसंस्कृतिको वकालत गरिएको भनी यसको विषयत एवम् वैचारिकताको सङ्क्षिप्त चर्चा गरेका छन् । त्यसै गरी विष्णुप्रसाद पौडेल अपरिचित (२०८०)ले यस उपन्यासमा यथास्थितिवादी अभिजात्य वर्गद्वारा शोषित पीडित समाजबाट हेपिएका व्यक्तिहरूका पक्षमा आवाज उठाइएको विचार व्यक्त गरेका छन् । यसरी विभिन्न समीक्षा-लेखमा यस उपन्यासका विविध पक्षको विश्लेषण गरिएको छ तर युगचेतनाका दृष्टिले यस कृतिको अध्ययन विश्लेषण गरिएको छैन । तसर्थ प्रस्तुत कृतिमा वर्तमानको युगचेतनालाई के-कसरी प्रस्तुत गरिएको छ भन्ने समस्याको समाधानमा केन्द्रित रहेर यो शोधकार्य गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा *रावणायन* उपन्यासमा प्रस्तुत युगचेतनाको विश्लेषण गरिएको छ । यसमा *रावणायन* उपन्यास प्राथमिक सामग्री रहेको छ भने यस उपन्यासबारे गरिएका पूर्वअध्ययन र युगचेतनासम्बन्धी लेखरचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । तिनलाई पुस्तकालय र इन्टरनेटका माध्यमबाट सङ्कलन गरिएको छ। समस्याको समाधानका लागि शोध्यकृतिको सूक्ष्म पठनबाट सोद्देश्यमूलक विधिको प्रयोग गरी तथ्यहरू सङ्कलन गरिएको छ र तिनको विश्लेषणबाट समस्याको समाधान निकालिएकाले यसमा विश्लेषणत्मक विधिको प्रयोग गरिएको छ ।

## युगचेतनाको अवधारणा

युग भनेको समय वा कालावधि हो । चेतना भनेको कुनै विषयको ज्ञान, प्राणीमा हुने चैतन्य, सतअसत छुट्याउन सक्ने बुद्धि, विवेक आदि हो । यी दुई शब्दको मेलबाट व्युत्पन्न समस्त शब्द युगचेतनाको शब्दकोशीय अर्थ ‘‘युगअनुकूलको चेतना, युगसुहाउँदो वा युगअनुसारको ज्ञान’’ भन्ने हुन्छ । युग मानवसभ्यताको अविछिन्न गति

हो। यसले युगीन चेतना र त्यसको गतिमा नयाँ मोड ल्याउने गर्दछ। सामान्यतः कुनै एउटा कालविशेषमा तत्कालीन समाजका सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, धार्मिक, वैचारिक आदि घटनाको प्रवाहलाई युग शब्दको अर्थले समेट्छ (वसावा, सन् १९१९, पृ. ११६६)। पुराणमा उल्लिखित सत्ययुग, त्रेतायुग, द्वापरयुग, कलीयुग आदि यस्तै प्रकारका सामाजिक वैचारिक परिघटनाको प्रवाहबाट निर्मित कालावधि हुन्। यसले तत्कालीन समयका खासखास चेतनालाई द्योतन गर्दछ। साहित्य लेखनका सन्दर्भमा युगचेतना भनेको लेखकीय जीवनको विशेष कालखण्ड र त्यस कालको विशेष सामाजिक, सांस्कृतिक एवम् वैचारिक चेतना हो।

साहित्यमा युगचेतनाको सन्दर्भ वर्तमान समयसँग हुन्छ। यसले समकालीन अभिलक्षणलाई बुझाउँछ। समकालीन वर्तमान वा चालू समयसँग सम्बन्धित विशेषण शब्द हो। यसको सम्बन्ध कोरा समयसँग मात्र नभएर वर्तमानका प्रवृत्ति एवम् अभिलक्षणहरूसित रहेको हुन्छ। समयक्रममा आएका भिन्न परिस्थितिहरूसँगै समाजमा पनि नवीन सोच र धारणाहरू विकसित हुन थाल्छन्। यसरी विकसित धारणाहरू अविछिन्न रहेको समयसीमाको अर्थलाई समकालीन शब्दले द्योतन गर्दछ। प्रायः चालू वर्तमानको एकदुई दशकव्यापी अभिलक्षणलाई समकालीन भनिन्छ (शर्मा, २०५५, पृ. ८)। नेपालमा सामाजिक एवम् राजनीतिक रूपमा परिवर्तन भएको पछिल्लो महत्त्वपूर्ण परिघटना २०६२-६३ सालको परिवर्तन नै हो। वि. सं २०४७ सालमा पुनर्स्थापित बहुदलीय प्रजातन्त्र र २०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र विद्रोहको परिणामस्वरूप नेपाली जनतामा विभेदप्रतिको प्रतिरोध चेतना र समतामूलक समाजको स्थापनाजस्ता नवीन चेतना विकसित हुन थालेको पाइन्छ। यो २०६२-६३ सालको जनआन्दोलन र त्यसपछि प्राप्त महत्त्वपूर्ण राजनीतिक उपलब्धिबाट संस्थागत हुन पुग्यो। त्यसपछि लैङ्गिक, जातीय, भौगोलिक, वर्गीय आदिका आधारमा विभेदमा परेका सीमान्तकृतहरूको आवाज राजनीतिक रूपमा पनि प्रबल बन्न थाल्यो। यसरी पछिल्लो समय विभेदप्रतिको प्रतिरोध र समतामूलक समाजको आकाङ्क्षाको सेरोफेरोमा नवीन युगचेतनाको विकास भएको छ।

कलासाहित्यले युगचेतनालाई विभिन्न विषयका माध्यमबाट अभिव्यक्त गर्दछ। यसका लागि साहित्यकारले सामाजिक, पौराणिक, धार्मिक, मनोवैज्ञानिक, राजनीतिक आदि जुनसुकै विषय पनि छनोट गर्न सक्दछ। साहित्यका सन्दर्भमा यी जुनसुकै विषयले पनि युगचेतनालाई अभिव्यक्त गर्ने सामर्थ्य राख्दछ। साहित्य लेखनका सन्दर्भमा युगचेतना भनेको उसको समयको समाज, संस्कृति, धर्म, राजनीति, विज्ञान आदि जुन रूपमा रहेको हुन्छ सोहीरूपमा ग्रहण गरी अभिव्यक्त गर्नु हो (वसावा, सन् १९१९, पृ. ११६६)। तत्कालीन समयको विचारधारालाई आत्मसाथ गरी सोहीअनुरूप चेतन सिर्जनका माध्यमबाट सञ्चारित गराउनु युगचेतना हो। साहित्यकार सचेत रूपमा उसको समयको युगचेतनाबाट विमुख हुन नसक्ने भएकाले तिनका रचनामा तत्कालीन समयको अभिलक्षण सञ्चारित भएको हुन्छ। यस प्रकारको अभिलक्षण परिवर्तन गतिशील प्रवृत्तिको हुने भएकाले पौराणिक सन्दर्भको पुनर्व्याख्या गरेर पनि वर्तमानको युगचेतनालाई देखाउन सकिन्छ। यसै सन्दर्भमा उपन्यासकार खनालको रावणायन उपन्यास अभिव्यक्त प्रतिरोध चेतना र समतामूलक समाजको परिकल्पनालाई वर्तमानको युगचेतनाका रूपमा विवेच्य रहेको छ।

## विमर्श र परिणाम

*रावणायन* उपन्यासको प्रकाशन वर्ष २०७८ साल भएकाले यसमा वर्तमान युगचेतनाको अभिव्यञ्जना पाइन्छ। २०७२ सालमा समाजवाद उन्मुख संविधान निर्माण भएपश्चात् नेपालमा प्रतिरोध चेतना र समतामूलक समाजको परिकल्पना वर्तमान युगको चेतनाका रूपमा विकास भएको छ। मार्क्सवादी चिन्तनबाट प्रभावित उपन्यासकार खनालको यस उपन्यासमा पनि कालिक अभिलक्षण तिनै चेतनाबाट मुखरित भएको छ। तसर्थ यस उपन्यासमा प्रस्तुत विभेदप्रतिको प्रतिरोधी चेतना र समतामूलक समाजको परिकल्पनाको विश्लेषण गरिएको छ।

### विभेदप्रतिको प्रतिरोधी चेतना

समाजमा वर्ग, लिङ्ग, जाति, धर्म, भूगोल, रङ आदिका आधारमा भेदभाव गर्ने परिपाटी रहेको छ। त्यस प्रकारको विभेद विरुद्ध आवाज उठाउनु वर्तमान युगको मुख्य चेतना बनेको छ। यसै सन्दर्भमा *रावणायन* उपन्यासमा जातिगत एवम् वर्गीय विभेदप्रतिको प्रतिरोधी चेतनालाई रावण पात्रमार्फत प्रस्तुत गरिएको छ। रामको सकारात्मक चरित्रका व्यतिरेकमा रावणलाई नकारात्मक देखाउने पौराणिक रामकथालाई पुनर्लेखन गरी यस उपन्यासले रावणकथा निर्माण गरेको छ। पुराणका तथ्यपरक सन्दर्भका आधारमा नै रावणका सकारात्मक पक्षलाई हेर्दा ऊ दुश्चरित्रवान् खलपात्र नभएर विभेदप्रति आवाज उठाउने विद्रोही पात्र भएको तथ्य यस उपन्यासले प्रस्तुत गरेको छ।

रावणले परिवारमा भोग्नुपरेको विभेदकारी दुर्व्यवहारका कारण उसमा प्रतिरोधी चेतना विकसित भएको देखिन्छ। ऊ ऋषिपुत्र भएर पनि दैत्यकुलकी माता भएको आरोपमा उसले सधैँ अपहेलित हुनुपरेको छ। उसका पिता पुलस्त्य ऋषिका पुत्र विश्रवा ऋषि र माता दैत्यकुलकी कैकसी हुन्। उसले मातृकुलका कारण पितृकुलमा ब्राह्मण जातिको सम्मान पाउँदैन। त्यसैका कारण ऊभित्र प्रतिरोध चेतना सलबलाउन थालेको देखिन्छ। यस कुरालाई स्वयम् रावणको कथनले पनि पुष्टि गर्दछ :

> म त त्यतिबेलादेखि नै अशान्त छु, जतिबेलादेखि देवपुत्रहरूले मेरा विरुद्ध षडयन्त्र गर्न सुरु गरे। ममाथि मिथ्या दोषारोपण गरे। मेरा विरुद्ध अनर्गल प्रचार गर्न थाले। मेरी माताका विरुद्धमा दुष्प्रचार गरेर हिँडे। त्यतिबेला मैले कति मानसिक यातना भोग्नुपर्यो भन्ने कुरा मेरो मानसपटलमा अझै पनि आकाशमा बादल मडारिएझैँ मडारिरहेको छ। मभित्र प्रतिरोधको चेतना ज्वाला दन्किरहेको छ। (पृ. ४४)

उसको समयमा प्रचलित जातजातिबिचको विभेदका कारण नै रावणमा प्रतिरोध चेतना विकासित भएको देखिन्छ। तत्कालीन समयमा देव, यक्ष, किन्नर, गन्धर्व आदिभन्दा दानव एवम् राक्षस जातिलाई निम्नतर कोटिमा राख्ने गरिएको देखिन्छ। निम्न जाति र कुलकी आमाको कोखबाट जन्मिएको व्यक्ति रावणमा सानैदेखि बुद्धि, बल र पराक्रमको लक्षण देखिन थालेको हुन्छ। त्यो देखेर ''तत्कालीन उच्च वर्गका देव, यक्ष, किन्नर, गन्धर्व आदिका पुत्रहरूले रावणका विरुद्ध विष वमन गर्न थाल्छन्'' (पृ. २८)। अहिले जस्तै त्यस समयमा पनि निम्न वर्गको कुनै पनि व्यक्ति बल र बुद्धिले युक्त भएको कुरा उच्च वर्गका निम्ति सह्य नभएको तथ्य यसमा प्रस्तुत गरिएको छ। त्यसैले रावणको कुशाग्र बुद्धि देखेर कथित उच्च जातिले उसलाई विभिन्न किसिमले दुर्व्यवहार गर्ने गरेका छन्। यसैका परिणाम स्वरूप उसमा विद्रोही चेतना विकसित भएको छ।

रावण परिवारभित्र र समाजमा गरिएका भेदभावबाट पीडित पात्र हो । श्यामल वर्ण भएका कारण गोरो वर्णका कुवेरसँग तुलना गरी उसलाई नराम्रो व्यवहार गर्ने गरिएको छ । ऊ सानै हुँदा ''मामाघरका हजुरबुबाका पथानुगामी नहुनू'' (पृ. २४) भनी गाउँका मान्छेहरूले गर्ने गरेका व्यवहार, उसका साथीहरूले गर्ने दुर्व्यवहारका विरुद्ध आवाज उठाउँदा ''तेरो सदाचार यही हो ? आफ्नी आमाको संस्कार...'' (पृ. २९) भनी उसका पिताजीले गरेको गाली आदिले गर्दा उसमा क्रमशः विद्रोही भाव बढ्दै गएको छ । अन्याय र अत्याचार सहेर बस्ने बानी नभएका कारण उसले घरपरिवारमा पनि विद्रोह गर्ने गर्दछ । यसैको परिणाम स्वरूप बुबा विश्रवा ऋषिले समेत ''आश्रमको सीमासम्म पनि तेरो प्रवेश निषेध रहने छ । तँलाई पिताको कुनै अंशसमेत मिल्ने छैन'' (पृ. २९) भनेर उसलाई निषेध गरेका छन् । यसप्रकारको तिरस्कार र विभेदका कारण उसमा प्रतिरोध चेतना अझ जागृत हुँदै गएको छ ।

रावणमा प्रतिरोध चेतनाको विकास मात्र भएको छैन त्यसका विरुद्ध लड्ने शक्तिको खोजी गर्ने सामर्थ्य पनि रहेको छ । पिताजीको तिरस्कारपछि उसले ब्रह्मा र शिवजीको कठोर साधना गरी शक्ति आर्जन गरेको छ । यसरी शक्तिशाली भए पनि उसमा कमजोर वर्ग र समुदायप्रति सद्भाव रहेको छ : रावण ''दलित व्यक्ति तथा वन्य जातिहरूप्रति हुने गरेका अन्याय, अत्याचार, उत्पीडनको ऊ खुलेर निर्भीकतापूर्वक प्रतिरोध गर्दथ्यो । सत्ता र शक्तिका आडमा कसैले कोहीमाथि जबरजस्ती गरेमा वा आफ्नो प्रभुत्व तथा प्रभाव देखाउने चेष्टा गरेको खण्डमा उसले घोर भर्त्सना गर्दै आपत्ति जनाउँथ्यो'' (पृ. २७) । यसरी विभेदका कारण उत्पन्न विद्रोही चेतनाकै कारण रावणले शक्ति आर्जन गरेको छ तर शक्तिशाली भएर पनि ऊ शोषित, पीडितकै पक्षमा उभिएको छ ।

सामन्तवादी व्यवहारलाई विभेदको मूल कारण मानिएको यस उपन्यासमा शिवजीलाई पनि विभेद विरुद्धको प्रतिरोधी चरित्रका रूपमा प्रस्तुत गरिएको छ । देवआर्यहरूको गठबन्धन गरी रावणलाई हराउने योजना भइरहेको सन्दर्भमा शिवजीले समाजमा विद्यमान विभेदकारी सामन्तवादको भण्डाफोर यसप्रकार गरेका छन् :

> यो सत्य हो कि समाजमा जाति, धर्म, वर्ग, वर्ण, लिङ्ग, अर्थ, पेसाको विषयलाई लिएर विग्रह हुने गर्छ । जब समाजमा तथाकथित अभिजात्य वर्गले निम्न वर्ग तथा सीमान्तकृत एवम् शोषित, पीडित, सर्वहारा वर्गलाई हेप्ने, चेप्ने र दमन गर्ने गर्छ तब त्यहाँ स्वतः वैमनस्यको स्थिति उत्पन्न हुन्छ । भोगवादी संस्कारमा हुर्केकाहरूले निम्न वर्गका परिश्रमी दीनहीन सर्वहारा व्यक्तिहरूप्रति जब थिचोमिचो, दुर्व्यवहार गर्छन् तब त्यहाँ प्रतिरोध हुनु स्वाभाविक हो । यस किसिमको प्रतिरोधलाई दबाउन विद्रोहको नाम दिएर अभिजात्य वर्गले कूटनीतिक चाल चाल्दछ । त्यही चाल उसका लागि आदर्श र न्याा हुन जान्छ । (पृ. १०७)

यसप्रकार प्रस्तुत उपन्यासमा रावण र शिवजी पात्रमार्फत विभेदप्रतिको प्रतिरोध चेतना प्रखर रूपमा अभिव्यक्त गरिएको छ । यस उपन्यासमा रावणलाई विभेदका विरुद्ध लड्ने नायक पात्रका रूपमा पुनर्लेखन गरिएको छ । हिजोका दिनमा हेपिएका र छोपिएका समुदायका पक्षमा आवाज उठाउनेहरूलाई कथित उपल्लो एवम् सत्ताधारी जातिले गर्ने गरेको नकारात्मक व्यवहारका कारण रावण खलपात्र बन्न पुगेको देखिन्छ । अहिले युगचेतनामा परिवर्तन आएपछि तिनै निम्न वर्गीय पक्षधरताको आवाज बलियो बन्दै गएको छ । तिनका पक्षमा आवाज उठाउने व्यक्ति नै नायक बन्दै गएको छ । हाल गरिब, दुःखी, दलित, मधेसी, नारी जस्ता भुइँमान्छेहरूका पक्षका मुद्दामा राजनीति केन्द्रित हुन थालेको छ । यस्तो अवस्थामा ''यस उपन्यासले मिथकमा उभिएर अधुनातन विषय

र पक्षमाथि बहस गर्छ'' (भट्टराई, २०६८, भूमिका)। यसरी प्रस्तुत उपन्यासमा पौराणिक कथाको पुनर्लेखन गरी प्रतिरोध विरुद्धको युगचेतना अभिव्यक्त गरिएको छ।

**समतामूलक समाजको परिकल्पना**

वर्तमान नेपालको संविधानले समतामूलक समाजको परिकल्पना गरेको छ। बहुजातीय, बहुसांस्कृतिक एवम् बहुभाषिक यो मुलुक प्राकृतिक एवम् सांस्कृतिक रूपमा मात्र विविधतामय नभएर जात, वर्ग, लिङ्ग, भूगोल आदिका आधार भेदभाव पनि रहेको छ। यस प्रकारको विभेदलाई हटाएर समतामूलक समाजको निर्माण गर्नुपर्छ भन्ने चेतना अहिलेको नेपाली समाजमा विकसित भएको छ। यसै सन्दर्भमा *रावणायन* उपन्यासमा पनि समतामूलक समाजको परिकल्पना गरिएको छ।

प्रस्तुत उपन्यासमा आर्य र दैत्य दुई जाति र संस्कृतिलाई मिलाउनुपर्छ भन्ने सन्देश दिइएको छ। यसमा रावणका माता (दैत्य कुल) र पिता (आर्य कुल) को विवाहलाई नै दुई जातिबिचको मिलनका रूपमा लिइएको छ। यसै सन्दर्भमा रावणकी माता कैकेसी भन्छिन्, ''हाम्रो मेल हुनु भनेको आर्य र दैत्य दुई संस्कृतिको मिलन पनि हो। यी दुई संस्कृतिको मिलन प्रेम र शान्तिको सन्देशवाहक बनेर वैमनस्यको खाडल पुर्ने कडी बन्न सक्छ'' (पृ. ९)। यी दुई संस्कृतिको मिलन भएको चित्रण गरी यस उपन्यासले नेपालकाा बहुसङ्ख्यक जनजाति र आर्यजातिबिचको एकताको सन्देश दिएको छ। नेपालमा वि. सं. २०६२-६३ सालको आन्दोलनताका देखापरेको जातीय एकत्ववादी सशक्त स्वरका कारण मुलुक विभाजनको सङ्घारमा पुगेको अवस्थामा यस उपन्यासले रावणका मातापिताका मिथकको पुनर्लेखन गरी एकताको सन्देश दिएको छ।

प्रस्तुत उपन्यासमा भौतिकता र आध्यात्मिकताबिचको एकताको पनि सन्देश दिइएको छ। यस उपन्यासका आर्य जातिमा आध्यात्मिकताप्रतिको लगाव धेरै देखिन्छ भने दैत्य जातिमा भौतिकता र कर्मप्रति आस्था देखिन्छ। दैत्य जातिमा विज्ञानको धेरै विकास भएको सन्दर्भलाई यस उपन्यासमा देखाइएको छ। यसको परिशिष्ट खण्डमा उल्लेख गरिएअनुसार रावण राज्यमा विभिन्न प्रकारका यन्त्रहरूको आविष्कार गरिएको थियो (पृ.२३०-२३४)। यस सन्दर्भमा माथि उल्लिखित दुई जातिको मिलनको गुढार्थ आध्यात्मिकता र भौतिकता एवम् अध्यात्म र विज्ञानको मिलनको अपेक्षा रहेको पुष्टि हुन्छ। यसरी यस उपन्यासले भौतिकता र आध्यात्मिकताबिचको एकताका माध्यमबाट समतामूलक समाजको परिकल्पना गरेको छ।

प्रस्तुत उपन्यासले रावणलाई समतामूलक समाज निर्माणको नायक मानेको छ। यसका लागि रावणले संसारमा विद्वेष बढ्नुका कारण पहिचान गरी तिनको समाधान खोज्ने प्रयास गरेको देखाइएको छ। समाजमा विद्यमान विकृतिका सम्बन्धमा उसको विचार यस्तो देखिन्छ :

> हामी एकआपसमा किन लड्छौं ? समाजमा वर्ग र जातिका आधारमा वैमनस्यता विद्यमान छ किन ? देवासुर सङ्ग्राम यसको प्रत्यक्ष उदाहरण हैन र ? यस पृथ्वीमा देवी-देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, असुर, दनुज, दानव सबै बन्धु-बान्धव भएर पनि संस्कृति अर्थात् आचरणको भिन्नताका कारण यत्रा अकल्पनीय लडाइँ झैँ-झगडा र सङ्घर्ष भइरहेको छ। (पृ. ३४)

घरपरिवार र समाजका यस प्रकारका चरम विभेद देखेको र भोगेको रावणले ब्रह्मा र शिवको कठोर तपस्या गरी शक्ति आर्जन गरेको छ। उसले वेदमा आधारित समतामूलक समाज निर्माणको अभियानलाई 'रक्ष संस्कृति'का

नाममा अघि बढाउने सङ्कल्प लिएको छ। उसले "वयं रक्षाम"लाई यसको मूल आधार बनाएको छ। यस तथ्यलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : ''मैले परिकल्पना गरेको व्यवस्था 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत्' हो। ... यो हो 'रक्ष संस्कृति'को परिकल्पना'' (पृ. ३५)। यसरी परम्परागत दृष्टिमा नकारात्मक चरित्र रावण पात्रलाई समतामूलक समाज निर्माणको नायक बनाइएको छ। ऊ भनेको परम्परामा अपहेलित चरित्र हो। त्यस्तो चरित्रलाई नायकत्व प्रदान गरी यस उपन्यासमा सीमान्तकृत समुदायबाट नायकको खोजी गरिएको छ।

रावणले शिवजीको समेत आशीर्वाद प्राप्त गरी सकेपछि उनले आफ्नै बल, बुद्धि र साहसका माध्यमबाट दैत्य पुर्खाको लङ्काराज्य प्राप्त गर्छ। तत्पश्चात् रावणले विभेदरहित समतामूलक 'रक्ष संस्कृति' निर्माणको अभियानलाई तीव्र गतिमा अघि बढाउँछ। यसको मुख्य तारोमा विभेदकारी देव संस्कृति पर्दछ। देवकुलमा जन्मिएर पनि मातृकुलका कारण विभेदको पीडा सहनुपरेको रावणले समस्त देवशक्तिलाई परास्त गरी जगत्भर 'रक्ष संस्कृति' स्थापना गर्ने उद्देश्यलाई अघि बढाउँछ। यसका लागि "आफ्नो पितृ आर्य कुल परम्परा र मातृवंशको दैत्य कुल परम्पराका बिच सामञ्जस्य स्थापित गरी वेदमा आधारित नवीन संस्कृतिको स्थापना'' (पृ. ८४) गर्ने योजना बनाउँछ। यसै सन्दर्भमा उसले स्वर्गका राजा इन्द्रलाई समेत पराजित गर्छ। यसबाट त्राहिमाम बनेका देवकुलका देवता, ऋषि एवम् आर्यजन एकजुट भएर रावणका विरुद्ध योजना बनाउँछन्। उनीहरू कौशलराज दशरथका पुत्र रामका माध्यमबाट रावणको अन्त्य गराउने योजनामा एकजुट हुन्छन्। रावण आफ्नै पारिवारिक षड्यन्त्र र परिघटनाका कारण पराजित हुन्छ। पौराणिक कथामा रावणको पराजय भएअनुरूप नै यस उपन्यासमा पनि रावणको अन्त्य भएको देखाइएको छ। यद्यपि समतामूलक समाजको परिकल्पनालाई रावण-पुत्रको कथामार्फत पूर्ण भएको देखाइएको छ। यसमा रावण पुत्र अरिमर्दनको जन्म भएको, उसले परसुरामको शिक्षादीक्षा एवम् भगवान् शिवको आशीर्वादबाट पुनः लङ्काराज्यमा सत्तारोहण गरेको र "रावणले बनाएको नीति पुनर्स्थापना गरी आवश्यक परिमार्जनसहित जनचाहनाअनुकूल लोकतन्त्रमा आधारित शासन व्यवस्था सञ्चालन गरेको'' (पृ. २१६) सन्दर्भसहित उपन्यासको अन्त्य गरिएको छ। यसरी प्रस्तुत उपन्यासमा समतामूलक र लोकतन्त्रमा आधारित समाज निर्माणको चाहनालाई रावण मात्रको जीवन कथाले समेट्न नसकेपछि उसका पुत्र अरिमर्दनको सन्दर्भ जोडेर पूर्ण गरिएको छ।

यस प्रकार *रावणायन* उपन्यासमा जातीय एवम् वर्गीय विभेद हटाई समतामूलक समाज निर्माणको अपेक्षा गरिएको छ। यस प्रकारको समाजको परिकल्पना ''समाजवाद उन्मुख'' भनिएको नेपालको संविधानले पनि गरेको छ। हाल नेपाली समाजको एउटा मुख्य युगबोध यसै अवधारणाबाट मुखरित छ। सामन्तवादी चिन्तन र व्यवहारबाट नेपाली समाजलाई समाजतिर उन्मुख गराउने संविधानको वर्तमान युगचेतनाका सन्दर्भमा ''यस उपन्यासले सामन्तवादी सामाजिक सांस्कारिक चिन्तन-शृङ्खलालाई हल्लाउने प्रयत्न गरेको छ'' (भण्डारी, २०७८), पृष्ठालेख)। विगतमा नकारात्मक चरित्र भनी हेपिएको पात्रलाई नायकत्व प्रदान गरी त्यसै सीमान्तकृत पात्रका माध्यमबाट विभेदरहित समाज निर्माणको प्रयास यस उपन्यासमा गरिएको छ।

**निष्कर्ष**

सनातन हिन्दु संस्कृति, शास्त्र, पुराण र मिथकबाट पालितपोषित नेपाली समाजमा रावणको प्रतिरूप नकारात्मक अर्थमा निर्माण भएको छ। रावण नाम शब्दका माध्यमबाट दुष्ट, अहङ्कारी, अभिमानी र खराब स्वभावको

एउटा मिथकीय बिम्ब पौराणिक कालदेखि नै निर्माण गरिएको थियो। तर रामायण एवम् अन्य कथाहरूमा चित्रित उसको चरित्रलाई अर्को ढङ्गले विचार गर्दा रावण पराजित समुदायको प्रतिनिधि पात्र हो। ऊ वीर, साहसी, विद्वान्, दयावान्, चरित्रवान् जस्ता सद्गुणले भरिपूर्ण भएर पनि विजेता देवकुलहरूले निर्माण गरेको भाष्यले उसलाई नराम्रो चरित्रका रूपमा व्याख्या गरेको थियो। यस सन्दर्भमा प्रस्तुत *रावणायन* उपन्यासमा रावणलाई सीमान्तकृत समुदायको नायक बनाई वर्तमान युगचेतना अभिव्यक्त गरिएको छ।

प्रस्तुत उपन्यासमा विभेदप्रतिको प्रतिरोध चेतना र समतामूलक समाजको चाहना जस्ता युगीन चेतनाको अभिव्यक्ति पाइन्छ। सामाजिक लोककल्याणकारी राज्यको स्थापनाका लागि समाजमा विद्यमान विभेदको अन्त्य हुनुपर्छ भन्ने अवधारणा वर्तमान लोकतान्त्रिक व्यवस्थाको मूल अभिलक्षण हो। नेपाली समाजमा वर्ग, जाति, लिङ्ग, भूगोल, पेसा आदिका आधारमा विभेदको सांस्कृतिक जड धेरै पहिलेदेखि नै विकसित हुँदै आएको थियो। यसलाई नेपालको वर्तमान संविधानले अस्वीकार गरेसँगै यस विरुद्धको चेतनाले वैधानिकता प्राप्त गर्यो। यद्यपि धर्म र संस्कृतिका नाममा निर्मित त्यस प्रकारका विभेदको पूर्ण अन्त्य भइसकेको छैन। यस अवस्थामा *रावणायन* उपन्यासमा विभेदप्रतिको प्रतिरोध चेतनालाई पौराणिक आख्यानका माध्यमबाट प्रस्तुत गरिएको छ। साथसाथै त्यसका माध्यमबाट समतामूलक समाज निर्माण गर्ने मार्गमा नेपाली युगचेतना अघि बढेको छ। यसका लागि उपन्यासकार खनालले मिथकको पुनर्लेखनका माध्यमबाट अभिव्यक्त गरेका छन्। इतिहास विजेताहरूको दस्ताबेज हो भने कलासाहित्य सत्यको अन्वेषण हो, कलासाहित्य अतीतको स्वच्छन्द उडान मात्र नभएर विगत र आगतको संश्लेषणका साथै स्थापित मिथ्या भाष्यका विरुद्ध सत्यताको सन्धान पनि हो। त्यसैले मिथकको महत्त्व विगतका सामाजिक जीवनको प्रतिध्वनिका लागि मात्र नभएर समकालीन वैचारिक अभिव्यक्तिका लागि पनि धारिलो हतियार बन्न सक्छ भन्ने एउटा बलियो दृष्टान्त निर्माण गरेको छ।

**सन्दर्भसामग्री**


काफ्ले, हरिबोल (२०८०). रावणायन लोक-आलोक पुनर्व्याख्या. *साहित्यपोस्ट.* https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/138469/ फागुन १६।

खनाल, रेवतीरमण (२०७८). *रावणायन.* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

जीवन्त, जीवन (२०७९). निर्मित भाष्यको विनिर्मिति, *नागरिक दैनिक.* https://nagariknews.nagariknetwork.com/arts/980231-1667011455.html. कार्तिक १२।

बानियाँ, कर्णबहादुर (सन् २०२४). नूतन शैली र अवधारणाको उपन्यास रावणायन. *समकालीन साहित्य.* https://www.samakalinsahitya.com/sahitya/details/8135 अप्रिल १७।

भण्डारी, जगदीशचन्द्र (२०७८). पृष्ठालेख. *रावणायन* (ले. खनाल रेवतीरमण). काठमाडौँ : भुँडीपुराण प्रकाशन।

वसावा, फुलवंतीवहन मंगाभाई (सन् १९१९). विष्णु प्रभाकर की चयनित कहानियाँ मे युग चेतना. *Research Guru,* 12/4. www.researchguru.net, pp. 1166-1170.

शर्मा, मोहनराज (२०५५). *उत्तरवर्ती समालोचना : सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।